नेपाल सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग

फोन: ०१-४५२९६६०
कालिकास्थान, काठमाण्डौं
Website: www.immigration.gov.np

पत्र संख्या:- ०८३।०८४ .....शाखा)

चलानी नं.:-

नेपाल सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग
२०४६

प्रेस विज्ञप्ति

अध्यागमन विभागले प्रचलित कानूनबमोजिम नेपालमा व्यापारिक वा औद्योगिक व्यवसायमा लगानी गर्ने इजाजतप्राप्त विदेशी नागरिक वा त्यस्तो संस्थाका अधिकृत प्रतिनिधिलाई सम्बन्धित निकायको सिफारिसमा व्यावसायिक भिसा जारी गर्दै आएको छ। यसै गरी नेपालमा उत्पादित मालसामान खरिद गरी निकासी गर्ने विदेशीलाई समेत व्यावसायिक भिसा जारी गर्ने व्यवस्था रहेको छ।

अध्यागमन नियमावली, २०५१ मा व्यावसायिक भिसा प्राप्त गर्ने विदेशी नागरिकले जुन उद्देश्यका लागि भिसा प्राप्त गरेको हो, सोही उद्देश्यका साथ नेपालमा बस्नुपर्ने व्यवस्था छ। व्यावसायिक भिसालाई रोजगारी, श्रम वा अन्य असम्बन्धित कार्यका लागि प्रयोग गर्न मिल्दैन।

विभाग र सम्बन्धित निकायसँगको समन्वयमा गरिएको पछिल्लो अनुगमनका क्रममा केही व्यावसायिक भिसा प्राप्त गरेका विदेशी नागरिकहरू भिसा सिफारिस तथा स्वीकृतिसँग सम्बन्धित व्यवसाय वा लगानीको उद्देश्यभन्दा फरक प्रकृतिको रोजगारी, श्रम वा अन्य कार्यमा संलग्न रहेको देखिएकोले सो सम्बन्धमा विभागको गम्भीर ध्यानाकर्षण भएको छ।

सिन्धुली जिल्ला, मरिण गाउँपालिका वडा नं. ०४, साहानस्थित Chengdu Tian Food Limited को आर्थिक साझेदारीमा निर्माणाधीन Ziyan Foods Pvt. Ltd. (Nepal Heat-Processed Buffalo Meat Export to China Project) मा कार्यरत ८८ जना विदेशी नागरिकले अन्य कम्पनीको नाममा व्यावसायिक भिसा लिई भिसाको उद्देश्यविपरीत कार्य गरेको पाइएकोले निजहरुको व्यावसायिक भिसा रद्द गरिएको छ। यसका अतिरिक्त अध्यागमन ऐन, २०४९ बमोजिम जरिवाना गरी निष्कासनको प्रक्रिया अघि बढाइएको छ।

अध्यागमन विभाग सबै विदेशी नागरिकलाई आफूले प्राप्त गरेको भिसाको उद्देश्य र शर्तबमोजिमका क्रियाकलापमा मात्र संलग्न हुन अनुरोध गर्दछ। सम्बन्धित उद्योग, कम्पनी, प्रतिष्ठान तथा रोजगारदातालाई पनि उपयुक्त भिसा र स्वीकृतिबिना विदेशी नागरिकलाई रोजगारीमा संलग्न नगराउन जानकारी गराईन्छ। अध्यागमन कानून तथा अन्य प्रचलित कानूनविपरीतका कार्यमा संलग्न भएको पाईएमा प्रचलित कानूनबमोजिम कारबाही गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

०८४।१७

मितिः २०८३ असोज ७ गते

(टीकाराम ढकाल)
निर्देशक एवम् प्रवक्ता